# बेलडाँडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बेलडाँडी, कञ्चनपुर ।
सुदूरपश्चिम प्रदेश , नेपाल

**कआ.व. २०८२/०८३ मा विज्ञापन एजेन्सी फर्म/कम्पनीहरुबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धि शिलबन्दी प्रस्ताव पेश गर्ने बारे सूचना ।**

(दोस्रो पटक प्रकाशित मिति: २०८२।०६।०८ गते)

यस गाउँपालिकालाई आ.व. २०८२/०८३ को लागि आवश्यक पर्ने राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्नका लागि प्रतिस्पर्धा मार्फत रीतपूर्वक पर्न आएका सबै भन्दा बढी छुट कबोल गर्ने विज्ञापन एजेन्सी फर्म/कम्पनी/संस्थाबाट कार्य गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गर्न ईच्छुक इजाजत प्राप्त विज्ञापन एजेन्सी फर्म/कम्पनी/संस्थाहरुले आफुले पत्रिका अनुसार दिन सक्ने छुट सहितको दररेट यसै सूचना साथ संलग्न विवरणहरु यस कार्यालयको वेवसाइट www.beldandimun.gov.np बाट डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपसिलको कागजपत्रहरु सहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. संस्था/एजेन्सी अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र,
२. अद्यावधिक नवीकरण फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणित प्रमाण पत्र,
३. मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र,
४. स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाण पत्र,
५. आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्र,
६. विज्ञापन बोर्डमा दर्ता तथा नवीकरण भएका प्रतिलिपी,
७. निवेदन

(नोटः प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८२/०६/२२ गते कार्यालय समय भित्र , प्रस्ताव खोल्ने मिति २०८२/०६/२३ गते बिहान ११ बजे । प्रस्ताव पेश गर्ने अन्तिम दिन वा प्रस्ताव खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उल्लेखित कार्य लगत्तै कार्यालय खुल्ने दिन गरिनेछ । )

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

# बेलडाँडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बेलडाँडी, कञ्चनपुर ।

सुदूरपश्चिम प्रदेश, नेपाल

खण्ड क

सामान्य जानकारी तथा सर्त

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

१. प्रस्ताव पेश गर्ने प्रस्तावदातालाई निर्देशन

क. प्रस्तादाताले प्रस्तावको बाहिरीपट्टी शीरमा " बेलडाँडी गाउँपालिकाको लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव" भन्ने लेखी श्री प्रमुख प्रशासकीय अधिकृत, बेलडाँडी गाउँपालिका, बेलडाँडी,कञ्चनपुर, सम्बोधन गरी शिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ।

ख. प्रस्तावदाताले छुट दिन प्रस्ताव गरेको प्रतिशत अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। सो लेख्दा सकेसम्म नबिराइकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ सो स्पष्ट उल्लेख नभएमा प्रस्तावलाई मान्यता दिइने छैन ।

ग. प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्ताव सहित तोकिएका पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेट समेट पेश गर्नु पर्नेछ ।

घ. पेश भएका सम्पुर्ण कागजातहरुमा प्रस्तावदाताले रीतपुर्वक दस्तखत गरी आफ्नो फर्म/कम्पनीको छाप लगाउनु पर्नेछ ।

ङ. प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहने छ ।

च. रीत नपुगेका र तोकिएका काजजातहरु संलग्न भई नआएका प्रस्तावहरु रद्द गरिनेछ ।

छ. प्रस्ताव सम्बन्धी कुनै कुरान भुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ज. प्रस्ताव बुझाउने अन्तिम मितिः २०८२/०६/२२, कार्यालय समय भित्र , प्रस्ताव खोलिने मितिः २०८२/०६/२३ बिहान ११:०० बजे ।

२. प्रस्तावदाताले कार्य सम्पादनका शिलशिलामा पालना गर्नु पर्ने कार्यक्षेत्रगत शर्तहरुः

क. कबोल छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारिक रुपमा प्रकाशित गरेको दररेट लागु हुनेछ । सम्बन्धित पत्रपत्रिकाले प्रकाशित दररेटमा कुनै परिवर्तन गरेमा सोको जानकारी प्रस्तावदाताले यथासम्भव छिटो यस कार्यालयलाई जानकारी गर्नु पर्नेछ ।

ख. सम्बन्धित पत्रपत्रिकाले सूचना प्रकाशित गर्ने सम्बन्धमा कुनै किसिमको विशेष योजना (छुट) ल्याएमा सो बमोजिमको छुट यस कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

ग. प्रकाशन गर्नुपर्ने सूचना यस कार्यालयले दिएंको लिखित आदेश बमोजिम तोकिएको मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नुपर्नेछ ।

घ. यस कार्यालयले दिएको आदेश विपरीत प्रकाशित सामग्रीको रकम यस कार्यालयले भुक्तानी गर्ने छैन ।

ङ. सामान्यतया सूचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिन वा सो दिन अगावै यथा समयमै लिखित आदेश र सूचना उपलब्ध गराइनेछ तर आकस्मिक रुपमा सूचना प्रकाशन गर्नु पर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भोलिपल्ट प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

च. स्वीकृत प्रस्तावदाताले प्रकाशित गर्नु पर्ने सूचना यस कार्यालयले तोकेको ठाउँमा गई संकलन पर्नुपर्नेछ ।

छ. स्वीकृत प्रस्तावदाताले कार्य सम्पन्न भएपछि सो बापतको बिल यस कार्यालयमा पेश गर्नुपर्नेछ।

# बेलडाँडी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बेलडाँडी, कञ्चनपुर ।
सुदूरपश्चिम प्रदेश , नेपाल

बेलडाँडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बेलडाँडी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश नेपाल

रामकृष्ण वि.क
प्रमुख प्रशासकीय अधि

त्यस कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धि प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधीनमा रही पत्रपत्रिकहरुमा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रास्ताव पेश गरेको छु/छौं ।

फर्म/कम्पनीको नामः

ठेगानाः

फर्म/कम्पनीको तर्फबाट अख्तियारवालाको दस्तखत
दस्तखत (संचालक, प्रोप्रायटर वा संस्थाले अख्तियारी दिइएको व्यक्ति) :

पुरा नामः

मितिः

फोन नं.

फर्मको छापः

मोबाइल नं.

# बेलडाँडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर ।
सुदूरपश्चिम प्रदेश , नेपाल

बेलडाँडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बेलडाँडी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

ज. स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कुनै पनि बखत १५ दिनको लिखीत जानकारी दिई सम्झौता भंग गर्न सकिनेछ ।

झ. स्वीकृत प्रस्तावदाताको सम्झौता अघि रु. ४०,००० (अक्षरुपी चालिस हजार मात्र), बराबरको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ । सम्झौता अवधि समाप्त भएको एक हप्ता भित्र कार्यसम्पादन जमानत फुकुवा हुनेछ । यदि प्रस्तावदाताको सम्झौताका शर्तको उलंघन गरेमा सो रकम जफत भइ सम्झौता रद्द गरिनेछ ।

**३. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।**

क. प्रस्तावदाताले यस कार्यालयको सूचना प्रकाशन कार्य गर्न गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोष्ट, नेपाल समाचार पत्र, नयाँ पत्रिका, कारोबार, राष्ट्रिय अभियान, The Rising Nepal, The Kathmandu Post, Republic, the Himalayan times लगायत अन्य पत्रपत्रिकाको लागि आधिकारिक रुपमा एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख. प्रस्तावदाताले उपरोक्तनुसारको पत्रपत्रिकाको विज्ञापनको साइज सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**४. मल्याङ्कन सम्बन्धी व्यवस्थाः**

क. प्रस्तावदाताले पेश गरेको छुट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

ख. तोकिएको बमोजिमका कागजहरु समावेश गरी कार्यक्षेत्रगत शर्तहरु अनुरुप कार्य गर्न ईच्छुक प्रस्तावदाताहरु मध्ये सबै भन्दा बढी छुटको प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

**५. भुक्तानी सम्बन्धी व्यवस्थाः**

क. स्वीकृत प्रस्तावदाताबाट कार्य सम्पन्न पश्चात पेश हुन आएको बिलको भुक्तानी EFT system बाट गरिनेछ ।

ख. प्रस्ताव सम्बन्धी फाराम उल्लेखित कबोल छुट प्रतिशत आ.व. २०८२/०८३ का लागि मान्य हुनेछ ।

**६. विविध व्यवस्थाः**

क. प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

ख. प्रस्ताव सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम हुनेछ ।

# बेलडाँडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर ।
सुदूरपश्चिम प्रदेश, नेपाल

बेलडाँडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बेलडाँडी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**खण्ड खः**

छुट प्रस्तावः

| पत्रिकाको नाम | न्यनतम आधिकारिक दर (प्रति सि.सि.) | छुट प्रतिशत | | रकम (प्रति सि.सी) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| | | | | | | |

नोटः

१. छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारिक रुपमा प्रकाशित दर रेटमा लागू हुनेछ ।
२. छुट प्रतिशत यसै आ.व. २०८२/०८३ सम्मका लागि लागु हुनेछ ।
३. आधिकारिक रुपमा प्रकाशित दर रेटमा उल्लेखित कबोल छुट रकम घटाएपछि आउने रकम मूल्य अभिबृद्धि कर लाग्नेछ ।

प्रस्तावकको नामः
मितिः
फर्मको छापः

हस्ताक्षरः
फर्मको नामः